घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२, ५६०२४३, ५६१२६८, ५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प. सं. ०७७/०७८ मिति: ०७८/०३/०६

च.नं. ५५८०

श्री १, ३, ४, ५, ९, ११, १२, १४, १८ र १९ नं. वडा कार्यालयहरु
घोराही उपमहानगरपालिका दाङ

विषय: आ.ब. २०७८।७९ बार्षिक कार्यक्रममा रोजगारमुलक आयोजना पेश गर्ने सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संचालनहुने रोजगारमुलक आयोजनाहरु संम्बन्धित स्थानिय तहवाट स्वीकृत भइ वार्षिक कार्यक्रममा समावेश गर्ने र ति आयोजनाहरुमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाइ रोजगारी प्रदान गर्ने व्यवस्था गरिएको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधी, २०७७ को दफा ३ मा उल्लेखित प्रकृतिका, दफा ४ मा उल्लेखित क्षेत्र भित्र परेका आयोजना छनौट गरी उक्त कार्यविधीको दफा ६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमवाट विनियोजित वजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्ने व्यवस्था रहेकाले श्रममुलक योजनामा आवश्यक साझेदारी सहितका योजना छनौट गर्नु हुन तथा, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६) को दफा २९, ३० र ३१ वमोजिमका रोजगार मुलक आयोजना तहाँ वडा समिती मार्फत आयोजना बैंकको रुपमा छनौट गरि आगामी आ.ब. २०७८।७९ मा वार्षिक कार्यक्रममा समावेश गर्नु गर्ने भएकाले यस पालिकाको रोजगार सेवा केन्द्रमा मिति २०७८।०३।१० गते सम्म उपलव्ध गराउनु हुन अनुरोध छ ।

नोट: कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ यस कार्यक्रमको वेव साईट www.pmep.gov.np मा उपलव्ध छ । युवारुप अन्तरगतका आयोजना मर्मत मुलक हुनु पर्ने छ ।

बोधार्थ: सुचना प्रविधी शाखा वेससाईटमा अपलोड गरिदिनु हुन ।

०७८।३।६
शरद पाण्डे
रोजगार संयोजक